**लोक सेवा आयोग**

**नेपाल न्याय सेवा अन्तर्गत न्याय, कानून र सरकारी वकिल समूहका राजपत्रांकित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको लागि पाठ्यक्रम**

## समसामयिक कानून तथा अभ्यास (Contemporary Law & Practices )

### खण्ड (A) – २५ अङ्क

### १. कानून तथा न्याय सम्बन्धी समसामयिक विषय

१.१ संविधान र संविधानवाद

१.२ फौज्दारी तथा देवानी संहिताका आधारभूत पक्षहरु

१.३ मानव अधिकार र अन्तर्राष्ट्रिय कानूनको अवधारणा

१.४ भ्रष्टाचार, संगठित अपराध र सम्पत्ति शुद्धीकरण सम्बन्धी

१.५ न्यायिक सक्रियता र सार्वजनिक सरोकारको विषय

१.६ विवाद समाधानका वैकल्पिक उपायहरु (मेलमिलाप सम्बन्धी कानूनी व्यवस्था र प्रयोग समेत)

१.७ वातावरणीय न्यायको अवधारणा

१.८ उपभोक्ता हित संरक्षण सम्बन्धी

१.९ लैंगिक न्याय र घरेलु हिंसा

१.१० पीडित न्याय प्रणालीको अवधारण र प्रयोग

### खण्ड ( B) – २५ अङ्क

### २. कानून तर्जुमा तथा कानूनका विविध पक्षहरु

२.१ ऐन, नियम, गठन आदेश र अध्यादेश तर्जुमा एवं तर्जुमामा सैद्धान्तिक सहमतिको अवधारणा

२.२ सन्धि सम्झौताको निर्माण

२.३ नेपाल राजपत्रमा प्रकाशित हुने सूचना सम्पादन

२.४ व्यवस्थापन विधि

२.५ प्रत्यायोजित व्यवस्थापन

२.६ बौद्धिक सम्पत्तिको अधिकार सम्बन्धी कानूनहरु

२.७ करार सम्बन्धी कानून

२.८ रिट निवेदन तथा लिखित जवाफ

२.९ प्रशासनिक निकायको न्यायिक अधिकार

२.१० निजामती सेवा ऐन तथा नियमावली

### खण्ड ( C) – २५ अङ्क

### ३. सरकारी वकिल सम्बन्धी कानूनका सैद्धान्तिक एवं व्यवहारिक बिषय

३.१ महान्यायाधिवक्ता सम्बन्धी संवैधानिक व्यवस्था

३.२ सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजन एवं विभिन्न प्रकारका मुचुल्काहरु

३.३ थुनछेक सम्बन्धी प्रक्रिया र साक्षी परीक्षण

लोक सेवा आयोग

३.४ कानूनी राय

३.५ सरकारी मुद्दाको पुनरावेदन तथा सरकारी मुद्दाको प्रतिरक्षा

३.६ वहसकला र वहस व्यवस्थापन

३.७ सरकारी वकिलको व्यवसायिक आचरण

३.८ सरकारी वकीलको भूमिका सम्बन्धी सार्क मुलुकसँगको तुलनात्मक अध्ययन

३.९ मुलुकी अपराध (संहिता) ऐन, २०७४

३.१० मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४

३.११ फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४

३.१२ सरकारी वकिल नियमावली

**खण्ड (D) – २५ अङ्क**

**४. अदालतका काम कारवाही सम्बन्धी बिषय**

४.१ हकदैया, हदम्याद, म्याद र तारेख

४.२ अदालतको अधिकार क्षेत्र

४.३ लिखतहरुको दर्ता र दरपिठ

४.४ कोर्ट फि, धरौटी र जमानी

४.५ बयान, बकपत्र, वारेसनामा र सकारनामा सम्बन्धी कानूनी व्यवस्था

४.६ अन्तर्कालीन आदेश तथा अन्तरिम आदेश

४.७ प्रमाण परीक्षण

४.८ फैसला सम्बन्धी सैद्धान्तिक तथा व्यवहारिक ज्ञान

४.९ पुनरावेदन तथा फैसला कार्यान्वयन सम्बन्धी कानूनी व्यवस्था

४.१० न्याय प्रशासन ऐन तथा न्याय सेवा आयोग ऐन

४.११ सर्वोच्च अदालत ऐन तथा नियमावली एवं उच्च अदालत तथा जिल्ला अदालत नियमावली

४.१२ नेपाल न्याय सेवा (गठन, समूह, श्रेणी विभाजन र नियुक्ती) नियमहरु

.... समाप्त ....

यसपत्रका पाठ्यक्रमका खण्ड/एकाईहरुबाट सोधिने प्रश्नहरुको संख्या यथासम्भव निम्नानुसार हुनेछ ।

| **खण्ड/ अङ्कभार** | **A-२५अङ्क** | **B-२५अङ्क** | **C-२५अङ्क** | **D-२५अङ्क** | **जम्मा प्रश्न संख्या** |
|---|---|---|---|---|---|
| **छोटो उत्तर प्रश्न (५ अङ्क)** | १ | १ | १ | १ | ४ |
| **लामो उत्तर प्रश्न (१० अङ्क)** | २ | २ | २ | २ | ८ |
| **जम्मा प्रश्न संख्या** | ३ | ३ | ३ | ३ | १२ |

लोक सेवा आयोग

**लोक सेवा आयोग**

**नेपाल न्याय सेवा अन्तर्गत न्याय, कानून र सरकारी वकिल समूहका राजपत्रांकित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको लागि पाठ्यक्रम**

**(नेपाल न्याय सेवाको लागि मात्र थप पत्र)**

## समसामयिक कानून तथा अभ्यास (Contemporary Law & Practices ) का

**नमुना प्रश्नहरु**

### खण्ड (A) – २५ अङ्क

1. संविधानवाद भन्नाले के बुझिन्छ ? यसका आवश्यक तत्वहरु के के हुन् ? सविस्तार चर्चा गर्नुहोस् । (५+५)
2. न्यायिक सक्रियता भन्नाले बे बुझिन्छ ? न्यायिक सक्रियतामा न्यायिकसंयमताको आवश्यकता किन पर्दछ ? उदाहरण सहित वर्णन गर्नुहोस । (५+५)
3. घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा सेवा केन्द्र सम्बन्धमा के कस्तो व्यवस्था गरिएको छ ? उल्लेख गर्नुहोस । (५)

### खण्ड (B) – २५ अङ्क

4. कानून तर्जुमा भन्नाले के बुझिन्छ ? नेपालमा ऐन बनाउने व्यवस्थापन विधिका बारेमा प्रकाश पानुहोस् । (३+७)
5. प्रतिलिपि अधिकारको क्षेत्रमा नेपालले गरेको प्रयासका बारेमा उल्लेख गर्दै प्रतिलिपि अधिकारको क्षेत्रमा के कस्तो कानूनी र व्यवस्थापकीय सुधार आवश्यक ठान्नुहुन्छ ? चर्चा गर्नुहोस् । (४+६)
6. लिखित जवाफ तयार गर्दा ध्यान दिनु पर्ने मुख्य कुरा के के हुन् ? बुँदागत रुपमा उल्लेख गर्नुहोस् । (५)

### खण्ड (C) – २५ अङ्क

7. अभियोजन भनेको के हो ? सरकारवादी हुने मुद्दामा अभियोजन सम्वन्धी के कस्ता संवैधानिक र कानूनी व्यवस्था रहेका छन् ? सान्दर्भिक नजिर समेतका आधारमा विवेचना गर्नुहोस् । (३+४+३)
8. थुनछेक आदेश भन्नाले के बुझिन्छ ? थुनछेक आदेशको प्रयोजनबारे चर्चा गर्दै थुनछेक बहश व्यवस्थापन सम्वन्धमा सरकारी वकीलले ध्यान दिनुपर्ने कुराहरु उल्लेख गर्नुहोस् । (३+३+४)
9. सरकारी वकीलको निष्पक्षता सम्वन्धी आचरणबारे उल्लेख गर्दै यस्तो आचरण पालन नगर्ने सरकारी वकीललाई के कस्तो कारवाही हुन सक्छ ? सरकारी वकीलहरुको व्यवसायिक आचारसहिता, २०५८ का आधारमा लेख्नुहोस् । (३+२)

### खण्ड (D) – २५ अङ्क

10. पुनरावलोकन भनेको के हो ? सर्वोच्च अदालतले के कस्तो अवस्थामा आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्न सक्छ ? प्रचलित कानून र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतका आधारमा व्याख्या गर्नुहोस् । (३+३+४)
11. हदम्याद, म्याद र तारीखमा के फरक छ ? मुद्दामा पक्षले तारीख गुजारेमा मुद्दाको कारवाईमा के कस्तो असर पर्छ खुलाउनुहोस् । (५+५)
12. जिरह भनेको के हो ? जिरह गर्ने सम्बन्धमा प्रचलित कानूनमा भएको व्यवस्था उल्लेख गर्नुहोस् । (२+३)